सिरहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, नेपाल

## शिक्षण सहयोग अनुदान तर्फको शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

(प्रथम पटक प्रकाशित मिति:२०८०/०८/१०)

करार शिक्षक छनौट समितिको मिति २०८०/०८/०८ गतेको निर्णयानुसार सामुदायिक विद्यालयको शिक्षण सहयोग अनुदान तर्फको आधारभुत तह (६-८) र माध्यमिक तह (९-१०) को शिक्षक पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्न देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**विषय :- विज्ञान** **तह :- माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. (खुला) | माँग सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | ६ (छ) | |

**विषय:- अंग्रेजी** **तह :- माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. (खुला) | माँग सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | ०२/२०८०/०८१ | १ (एक) | |

**विषय:- गणित** **तह :- माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. (खुला) | माँग सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | ०३/२०८०/०८१ | ३ (तीन) | |

**विषय:- विज्ञान** **तह :- आधारभूत (६-८)**

| क्र.सं. | विज्ञापन नं. (खुला) | माँग सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | ०४/२०८०/०८१ | २ (दुई) | |

**विषय:- अंग्रेजी** **तह :- आधारभूत (६-८)**

| क्र.सं. | विज्ञापन नं. (खुला) | माँग सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | ०५/२०८०/०८१ | २ (दुई) | |

**१ परिक्षाको किसिम** : क) लिखित परीक्षा (सामान्य र विषयगत)
ख) अन्तर्वार्ता

**२ परीक्षा सन्चालन मिति** : मिति पछि प्रकाशन गरिनेछ ।

**३. सम्पर्क मिति** : २०८०/०८/२७ गते ।

**४. दरखास्त दस्तुर:** माध्यमिक तहको हकमा रु १,५००।- र आधारभूत तहको हकमा रु. १०००।-

**५.दरखास्त दिने अन्तिम मिति** : २०८०/०८/२४ गते कार्यालय समय भित्र ।

**६. उम्मेदबारको उमेरको हद** : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको

**७.दरखास्तको माध्यम** : सिरहा नगरपालिकाको शिक्षा शाखाबाट दरखास्त फाराम लिइ दरखास्त पेश गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**८. दरखास्त दस्तुर बुझाउने विधि :**

सिरहा नगरपालिकाको राजस्व शाखामा दरखास्त दस्तुर बुझाउन सकिनेछ ।

**९. उम्मेदवारमा हुनुपर्ने न्युनतम योग्यता:**

क) नेपाली नागरिक ।

ख) शिक्षक सेवा नियमावली, २०५७ (संसोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको ।

ग) माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

तर, विज्ञान, गणित र अंग्रेजी विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन वमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

घ) आधारभूत तहको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

तर, कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्वन्धी विषय लिई माध्यमिक (कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

तर, गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयमा २००/२०० पूर्णाङ्क लिई प्रकरण (ग) बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

घ) माध्यमिक तहको हकमा माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको र आधारभूत तहको हकमा निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

**ङ) अध्यापन अनुमतिपत्र सम्बन्धमा थप व्यवस्था :-**

- प्रकरण (ग) बमोजिम शैक्षिक योग्यता हासिल गरी विषय नखुलेका स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्ति समेत सम्वन्धित विषयमा उम्मेदवार हुन सक्नेछन् ।
- विषयगत स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्तिले सम्वन्धित विषयमा मात्र उम्मेदवार हुन सक्नेछन् ।
- गणित-विज्ञान विषयको हकमा विज्ञान र गणित मध्ये कुनै एक विषयको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले उम्मेदवार हुन सक्नेछन् ।

**१०. विज्ञापन सम्बन्धी थप जानकारी :**

क) कुनै उम्मेदवारले झुट्टा विवरण पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

ख) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

ग) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेदवार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउनेछन् ।

घ) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको दरखास्त स्वीकृत गरिने छैन ।

ङ) शिक्षक सेवा आयोगको वेबसाइट www.tsc.gov.np डाउनलोड मा Click गरी पाठ्यक्रम, नमुना प्रशनपत्र प्राप्त गर्न सकिनेछ ।

च) वहिरा मा.वि.को हकमा सांकेतिक भाषाको ज्ञान हुनुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**